वैठकः- ४५

आज मिति २०७६/०४/२७ गते साझ ५ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राधेश्याम चौधरी | अध्यक्ष | [signature] |
| २. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | [signature] |
| ३. | भेषनारायण चौधरी | सदस्य | [signature] |
| ४. | ~~शम्भु प्रसाद चौधरी~~ विजयसिंह तत्नो का.वा. वडा ६,५,४ | सदस्य | [signature] |
| ५. | अणेन्द्रनाथ राय | सदस्य | [signature] |
| ६. | छोटेलाल यादव | सदस्य | [signature] |
| ७. | दिनेश सहानी केवट | " | [signature] |
| ८. | कैलास यादव | " | [signature] |
| ९. | हयात खाँ धुनिया | " | |
| १०. | छिमादेबी चौधरी | " | [signature] |
| ११. | चन्दादेवी चौधरी | " | [signature] |
| १२. | जन्त्री केवटिन | " | [signature] |
| १३. | विन्दादेनी धोवी | " | [signature] |
| १४. | जोखु प्रसाद कहार | " | [signature] |
| १५. | श्री सुनिता हरिजन | " | [signature] |
| १६. | श्री वुध्दप्रकाश पौडेल | " | [signature] |
| १७. | नारायण पाण्डेय | आमन्त्रित | |
| १८. | राजन वस्याल | " | [signature] |
| १९. | नरेश कोहार | " | [signature] |
| २०. | | | |
| २१. | | | |

# प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ – ठेक्कापट्टाको म्याद थप सम्वन्धमा**

निर्णय नं. १ – प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गाउँपालिकामा आ.व २०७६/०७७ मा ठेक्का वन्दोवस्त भई कोरोना भाईरस संक्रमण रोकथाम नियन्त्रणको लागी नेपाल सरकारले जारी गरेको लकडाउनको कारण सम्पन्न हुन नसकेको देहायका आयोजनाहरुको म्याद २०७७ मंशिर मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**तपशिल**

१. देविनगर पट्खौली सडक कालोपत्रे

२. हुलासी भिमटाडी कोठिलाहा हुदै सरावल जाने सडक कालोपत्रे

३. गोव्रहिया भुजहवा सडक कालोपत्रे ।

४. कोलवृक्ष भवन निर्माण

५. वडा नं. ४ को कार्यालय भवन निर्माण

**प्रस्ताव नं. २ – तालिम वैठक तथा अनुगमनमा दिईने पारिश्रमिक र भत्ता सम्वन्धी कार्यविधी-२०७७ पारित गर्ने सम्वन्धमा**

**निर्णय नं. २ –** प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको तालिम वैठक तथा अनुगमनमा दिईने पारिश्रमिक र भत्ता सम्वन्धी कार्यविधी-२०७७ वैठकमा प्रस्तुत भयो। सोउपर छलफल गर्दा उक्त कार्यविधी वैठकमा पेश भएअनुरुप स्विकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ – वास योजनाको लागी सहजकर्ता र गणक सम्वन्धमा**

**निर्णय नं. ३ –** प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको खानेपानी तथा सरसफाई सम्वन्धी योजना (वास योजना) निर्माणको लगी वास संयोजकको म्याद सम्पन्न भईसकेको र योजना निर्माणमा तालिमप्राप्त जनशक्ती कार्यालयमा नभएकोले सोको प्राविधिक सहयोग लिनको लागी सुनवल-१२ निवासी दिपेश सिग्देललाई रु ५० हजार सहित नियुक्त गर्ने निर्णय गरियो । साथै सोको तथ्यांक संकलन गर्नका निमित्त गणकहरु नियुक्त गर्ने र साविकमा गणकको रुपमा कार्य गर्दै आएका गणकहरुवाट तथ्यांक संकलन गर्ने सम्वन्धमा यसै कार्यपालिकावाट अघिल्लो वैठकमा निर्णय भईसकेकोमा निजहरुमार्फत प्रती घरधुरी रु ३५ र संस्थागतवापत रु.५० का दरले तथ्यांक संकलन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ – गत वर्षमा कार्यसम्पन्न भई भुक्तानी दिन वाकी योजनाको भुक्तानी सम्वन्धमा**

**निर्णय नं. ४ –** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सरावल गाउपालिका कार्यालयको अनुमती एवं स्विकृतीको आधारमा गत वर्षमा नै कार्य सम्पन्न भई विविध कारणले भुक्तानी हुन नसकेको तपशिलका योजना/कार्यक्रमहरु क्रमागत रुपमा छैठौ गाउसभावाट आ.व २०७७/०७८ मा स्विकृत भएकोमा सोको भुक्तानी गत वर्षकै श्रेस्ता एवं विलभरपाईको आधारमा यस आ.वमा गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

राधेश्याम चौधरी
अध्यक्ष

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (ब.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

तपशिल

-पोखरी मर्मत सम्भार वडा नं. ४

-वडा नं. ४ कार्यालय भवन निर्माण

-मस्जिद भवन निर्माण वडा नं. ५

- वाल्मिकी प्रा.वि चौतारी निर्माण वडा नं.७

- धनेवा खोला तटवन्ध वडा नं.७

- विपन्न परिवारलाई घर निर्माण– वडा नं.३

- हैण्डपाईप वनाउने र वितरण गर्ने कार्यक्रम वडा नं.४ देखी ७

- वैठक सञ्चालन खर्च(भत्ता तथा अन्य)

- श्रीनगर आर.सि.सि ढलान

-विपन्न नागरिकलाई काजकृया खर्च वितरण वडा नं. १ देखि ७ सम्म

**प्रस्ताव नं. ५ – लेखापढी व्यवसाय दर्ता र दर्ता शुल्क सम्वन्धमा**

**निर्णय नं. ५ –** प्रस्ताव उपर छलफल गर्दा यस सरावल गाउपालिका भित्र कार्यक्षेत्र बनाई लेखापढी व्यवसाय दर्ता गर्न ईच्छुक व्यक्तिहरु नियमानुसार दर्ता गर्न आएमा व्यवसाय दर्ता शुल्क वापत रु ३००० र नविकरण वापत रु १ हजार भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ – सहकारी संस्था एकिकरण सम्वन्धमा**

**निर्णय नं .६** – प्रस्ताव नं.६ उपर छलफल गर्दा यस सरावल गाउपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुको क्षमता वृध्दि गरी सञ्चालन गर्न चाहेमा त्यस्ता सहकारीहरुले एकिकरणमा निमित्त यस कार्यालयमा निवेदन पेश गर्न सुचना जारी गर्ने र सम्भव भएसम्म एक वडामा एक प्रकृतीका सहकारीहरु रहने गरी नियमानुसार संस्था एकिकरण गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ - आ.व २०७७/०७८ को दररेट निर्धारण सम्वन्धमा**

**निर्णय नं. ७** – प्रस्तावउपर छलफल गर्दा यस सरावल गाउपालिकाको आ.व २०७७/०७८ मा सञ्चालन हुने सम्पुर्ण योजना तथा कार्यक्रमको लागी गर्नुपर्ने सामाग्रीको दररेट जिल्ला दररेट निर्धारण समितिवाट तयार गरिआएकोमा यस गाउपालिकामा समेत सोही दररेट स्विकृत गरी योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ – सडकको अद्यावधिक तथ्यांक सम्वन्धमा**

**निर्णय नं. ८ –** प्रस्तावउपर छलफल गर्दा यस सरावल गाउपालिका भित्र रहेका सडकको अद्यावधिक विवरण सम्वन्धी तथ्यांक उपलव्ध गराउने र सोहीअनुरुप वजेट उपलव्ध गराउने गरी संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालय स्थानिय पुर्वाधार च.नं ०७ मिति २०७७/०४/१८ गतेको पत्रवाट तथ्यांक माग भई आएकोमा सोको लागी प्रत्येक वडावाट तथ्यांक माग भई आएकामा प्राप्त विवरण अनुरुप सडकको अद्यावधिक अवस्थाको तथ्यांक उपलव्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

राधेश्याम चौधरी
अध्यक्ष